रामप्रसादराई गाउँपालिका
Ramprasadrai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बैकुन्ठे, भोजपुर
Baikunthe, Bhojpur

मोबाइल नं. ९८५२०७३८८८
मोबाइल नं. ९८५२०७३८९३
इमेल
ramprasadrai.rm@gmail.com
web: http://ramprasadraimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

प.स./letter No :२०८२/०८३
च.नं./ Ref No :

मिति:२०८२।०५।२२

# सामाजिक सुरक्षा परिचयपत्र नवीकरण शिविर संचालन सम्बन्धी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखी भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई बायोमेट्रिक्सद्धारा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। मिति २०८२ भाद्र २१ गतेको कार्यपालिकाको निर्णय अनुसार सामाजिक सुरक्षा भत्ता लिइरहेका हाल स्वास्थ्य उपचार तथा अन्य कामका लागि जिल्ला बाहिर रहेका लाभग्राहिहरुको सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न तपशिल बमोजिमको मिति समय र स्थानमा शिविर संचालन गर्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स. | मिति | समय | स्थान | सम्पर्क व्यक्ति र फोन नं. |
|---|---|---|---|---|
| १. | २०८२ भाद्र २९ र ३० गते गते | ११ बजेदेखि | इटहरी | ज्ञानराज भट्टराई (९८५२०७३८८०) |
| २. | २०८२ भाद्र २९ गते | ११ बजेदेखि | काठमाण्डौं | सुजिल राई (९८४३३७५२८४) |

सामाजिक सुरक्षा परिचयपत्र नवीकरणका लागि आवश्यक कागजातहरु

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. सामाजिक सुरक्षा परिचयपत्र (भत्ता कार्ड)

३. राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र प्राप्त नभएको हकका राष्ट्रिय परिचयपत्रको निस्सा

..............................

(आङलाक्पा तामाङ)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

वडा कार्यालय सबै